नेपाल सरकार
# रक्षा मन्त्रालय
## प्रेस-विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज उहाँकै कार्यकक्षमा समाजवादी गणतन्त्र भियतनामका राष्ट्रिय प्रतिरक्षा तथा सुरक्षा समितिका सभापति Lt. General Vo Trong Viet ले शिष्टाचार भेट गर्नुभयो ।

Lt. General Vo Trong Viet सहित नौ सदस्यीय भियतनामका प्रतिनिधिमण्डललाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले नेपाल र भियतनामबीच घनिष्ठ दौत्य सम्बन्ध रहेको तथा विगतमा भियतनाम र नेपालबीच बहुपक्षीय मञ्चहरूमा एक आपसमा सहयोगको आदान प्रदान भएको कुरा स्मरण गर्नुभयो । भियतनामले विगतमा राष्ट्रिय स्वाधीनताको संरक्षणका लागि गरेको संघर्षको लागि धन्यवाद व्यक्त गर्दै भियतनामले छोटो समयको अवधिमा गरेको उल्लेखनीय आर्थिक प्रगति नेपाल लगायतका अतिकम विकसित मुलुकका लागि ज्यादै प्रेरणादायी रहेको कुरा भेटवार्ताका क्रममा माननीय उपप्रधानमन्त्रीज्यूले राख्नुभयो । उहाँले नेपालको भियतनामसँगको लामो कूटनीतिक सम्बन्धको चर्चा गर्दै यो सम्बन्धलाई थप फलदायी बनाउन आगामी दिनमा दुई मुलुकबीच आवासीय दूतावास स्थापना गर्नेतर्फ पहलकदमी लिन आवश्यक भएको धारणा व्यक्त गर्नुभयो ।साथै, दुई मुलुकका सेनाबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन आगामी दिनमा संयुक्त सैन्य अभ्यास लगायतका क्रियाकलापलाई विस्तार गर्दै जान पनि आवश्यक भएको विचार माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले व्यक्त गर्नुभयो ।

भेटवार्ताका क्रममा भियतनामका प्रतिनिधिमण्डलका नेता Lt. General Vo Trong Viet ले नेपालमा राजनीतिक संक्रमण समाप्त भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएकोमा भियतनाम सरकारको तर्फबाट खुसी व्यक्त गर्नुभयो । उहाँले दुई मुलुकबीच सुमधुर कूटनीतिक सम्बन्ध रहेको चर्चा गर्दै दुई देशबीचको सम्बन्धलाई थप विस्तार गर्न आवासीय राजदूतावास स्थापना गर्ने विषयलाई भियतनामले सकारात्मक रूपमा लिएको कुरा व्यक्त गर्नुभयो । उहाँले दुवै देशका सेनाबीच सम्बन्ध र सहयोगलाई विस्तार गर्न आगामी दिनमा विभिन्न क्रियाकलापहरू प्रवर्द्धन गर्दै जान भियतनाम सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालयका सहसचिव श्री ऋषि राजभण्डारी र परराष्ट्र मन्त्रालयका प्रतिनिधिको समेत उपस्थिति थियो ।

(मनोजकुमार आचार्य)
उप-सचिव एवं सह-प्रवक्ता
रक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौं
२२ फागुन, २०७५